# थलारा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## खोली, बझाङ
## सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. २०८३/०८४
च.नं

मितिः २०८३-०६-०६

### सतर्कता तथा पूर्वतयारीका लागि अनुरोध

नेपाल मौसम विज्ञान विभागद्वारा मिति २०८३ असोज ५ गते, सोमबार दिउँसो जारी गरिएको विशेष मौसमी बुलेटिनअनुसार असोज ९ गते शुक्रबारदेखि असोज ११ गते आइतबारसम्म देशका विभिन्न स्थानमा मेघगर्जन/चट्याङ/हावाहुरीसहित भारीदेखि धेरै भारी वर्षा तथा एक–दुई स्थानमा अति भारी वर्षा हुने सम्भावना रहेको छ।

साथै, विकसित मौसमी प्रणालीका कारण बाढी, पहिरो, गेग्रान बहाव, डुबान तथा सडक अवरोध लगायतका विपद् जोखिम बढ्न सक्ने सम्भावना रहेको हुँदा यस पालिका क्षेत्रका सम्पूर्ण बासिन्दा, वडा कार्यालय, सुरक्षा निकाय, स्वयंसेवक तथा सम्बन्धित सरोकारवालाहरूलाई आवश्यक सतर्कता अपनाई पूर्वतयारी अवस्थामा रहन अनुरोध गरिन्छ।

### सम्भावित जोखिम न्यूनीकरणका लागि निम्न कार्यहरू गर्न/गराउन अनुरोध छः

- अत्यावश्यक अवस्थामा बाहेक भारी वर्षा हुने समयमा तथा रातिको समयमा लामो दूरीको यात्रा नगर्नहोस ।
- जोखिमयुक्त सडक, राजमार्ग, खोला, नदी तथा पहिरो प्रभावित क्षेत्रमा आवतजावत गर्दा विशेष सावधानी अपनाउनुहोस ।
- आफ्नो घर, बस्ती तथा आसपासको क्षेत्र पहिरो, बाढी, नदी कटान वा अन्य जोखिममा छ कि छैन भन्नेबारे परिवार र समुदायमा छलफल गरी सुरक्षित स्थानको पहिचान गर्नुहोस्।
- मोबाइल फोन चार्ज गरि राख्नुहोस् र स्थानीय तह, वडा कार्यालय, सुरक्षा निकाय तथा आपत्कालीन सेवाका सम्पर्क नम्बर सुरक्षित राख्नुहोस्
- वडा कार्यालय, सुरक्षा निकाय, स्वयंसेवक तथा समुदायले पूर्वसूचना/चेतावनीका आधारमा जोखिमयुक्त स्थानमा रहेका घरपरिवारलाई विपद् हुनुपूर्व नै सुरक्षित स्थानमा स्थानान्तरण गर्न आवश्यक पहल गर्नुहोस् ।
- खोला, खहरे तथा नदी किनार, पहिरोको जोखिमयुक्त क्षेत्र र डुबान सम्भावित स्थानमा बसोबास गर्ने बासिन्दाहरूलाई विशेष रूपमा चनाखो भइ बस्नुहोस तथा सुरक्षित स्थानको पहिचान गरी तयारी अवस्थामा राख्नुहोस ।
- जोखिम बढ्दै गएमा घर तथा सम्पत्तिभन्दा जीवन सुरक्षालाई पहिलो प्राथमिकता दिई समयमै सुरक्षित स्थानमा सर्नुहोस् ।
- वडा तथा समुदायस्तरमा स्थानीय विपद् प्रतिकार्य टोली, स्वयंसेवक, उद्धार सामग्री तथा आवश्यक सम्पर्क संयन्त्रलाई तयारी अवस्थामा राख्नुहोस ।
- बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला, अपाङ्गता भएका व्यक्ति तथा सहयोग आवश्यक पर्ने व्यक्तिको सुरक्षित स्थानान्तरणका लागि अग्रिम तयारी गर्नुहोस् ।
- मौसम तथा बाढीसम्बन्धी अद्यावधिक जानकारीका लागि टोल फ्रि. नं. ११५५ मा सम्पर्क गर्न सकिन्छ साथै विपद्को समयमा आवश्यक सहयोगका लागि १२३४, नेपाल प्रहरी १०० तथा सशस्त्र प्रहरी बल, नेपाल १११४ मा सम्पर्क गर्नुहोस् ।
- नेपाल मौसम विज्ञान विभाग तथा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट जारी हुने अद्यावधिक मौसम पूर्वानुमान, पूर्वसूचना तथा चेतावनी नियमित रूपमा हेर्न र आवश्यकता अनुसार समुदायमा प्रवाह गर्न अनुरोध छ ।

सतर्क रहौँ, पूर्वतयारी गरौँ र सम्भावित विपद्को जोखिम न्यूनीकरणमा सहकार्य गरौँ।

..........................

(पदम बहादुर ओली)

नि.प्रमुख प्रशासकीय अधिकृत


वेबसाइटः www.thalaramun.gov.np इमेलः thalaramun@gmail.com, info@thalaramun.gov.np

अडियो सूचनाः ६१८०७०७९२२५४ टोल फ्रि नं.: १८१०५०००१६, १८१०५०००४७ सम्पर्कः ९८५८४८६८६९